आज मिति २०७७/०८/१५ गते भीमेश्वर नगरपालिकाका नगरप्रमुख भरतबहादुर के.सी.ज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको ६१ औं+ बैठकमा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थिति रही देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति**

श्री भरत बहादुर के.सी.........................नगर प्रमुख
श्री कमला बस्नेत .......................नगर उप प्रमुख
श्री मान बहादुर खड्का.....................प्रमुख प्रसासकिय अधिकृत
श्री बिर बहादुर थामी .....................वडा अध्यक्ष भी.न.पा. १
श्री विराजमान श्रेष्ठ ................... वडा अध्यक्ष भी.न.पा. २
श्री हरिसरण शिवाकोटी ......... वडा अध्यक्ष भी.न.पा. ३
श्री हरिवंश चौलागाई ................. वडा अध्यक्ष भी.न.पा. ४
श्री रामचन्द्र बस्नेत ................ वडा अध्यक्ष भी.न.पा. ५
श्री नबिन कुमार लामा ................. वडा अध्यक्ष भी.न.पा. ६
श्री कैलाश कुमार श्रेष्ठ .............. वडा अध्यक्ष भी.न.पा. ७
श्री नकुल के.सी. ...........................वडा अध्यक्ष भी.न.पा. ८
श्री चित्र बहादुर भुजेल ....................वडा अध्यक्ष भी.न.पा. ९
श्री लालकृष्ण थामी .................... कार्यपालिका सदस्य
श्री दिपक धनुके...................... .कार्यपालिका सदस्य,
श्री सुमन सुनाम ..................... .कार्यपालिका सदस्य,
श्री रुपा शाही भुजेल .................. कार्यपालिका सदस्य,
श्री गौरी थामी .......................... कार्यपालिका सदस्य,
श्री मन्जु बिश्वकर्मा ............ कार्यपालिका सदस्य,
श्री जमुना श्रेष्ठ ......................... कार्यपालिका सदस्य,
श्री किरण वली..................... . कार्यपालिका सदस्य,
श्री रामचन्द्र पौडेल ........................उपसचिव (शिक्षा) आमन्त्रित
श्री माधव प्रसाद सुबेदी ...................प्रशासकीय अधिकृत, बैठक ब्यबस्थापक

मिति २०७७/०८/१५
समय :बिहान ८:३० बजे
स्थान : महांकाल सदन

**निर्णय नं. १** :- नेपाल सरकारको आ.ब. ७७/७८ को बार्षिक स्वीकृत कार्यक्रम "प्रत्येक स्थानीय तहमा १५ शैयाको अस्पताकाल निर्माण गर्ने " नीति अनुसार यस नगरपालिकाको वडा नं. ३ स्थित साबिकको चरिकोट प्राथमिक स्वास्थ्य केन्द्र परिसरमा चरिकोट अस्पतालको मिति २०७७/०८/१५ गते विधिवत शिलान्यास गरिदिनु भएकोमा माननीय श्री पशुपति चौलागाईं, बागमती प्रदेश सभा सदस्यप्रति हार्दिक आभार प्रकट गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** :-जिल्ला प्रशासन कार्यालय दोलखा, घरेलु तथा साना उद्दोग कार्यालय दोलखा र यस नगरपालिकाले संयुक्त रुपमा तयार गरिएको बजार अनुगमन सम्बन्धि समन्वयात्मक दिग्दर्शन २०७७, को मस्यौदा तयार गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुने उपभोक्ता हित संरक्षण मंचका केन्द्रीय अध्यक्ष श्री ज्योति बानियाँज्यू प्रति हार्दिक आभार प्रकट गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** :- जिल्ला प्रशासन कार्यालय दोलखा, घरेलु तथा साना उद्दोग कार्यालय दोलखा र यस नगरपालिका कार्यालयले संयुक्त रुपमा तयार पारिएको बजार अनुगमन सम्बन्धि समन्वयात्मक दिग्दर्शन २०७७, को मस्यौदा माथि गहन छलफल गरी उक्त मस्यौदा आवश्यक सुधार गरी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** :- यस नगरपालिकाको बिधान मस्यौदा समितिले तयार पारेको स्थानीय बजार ब्यबस्थापन,अनुगमन तथा उपभोक्ता हित संरक्षण नियमावली २०७७" बिधायन समितिमा दफावार छलफल भई स्वीकृतका लागि टेबुल गरिएकोमा उक्त नियमावली सर्वसम्मत्तिले स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** :- नेपाल सरकारको आ.ब. ०७७/७८ का लागि स्वीकृत कार्यक्रम बेरोजगारहरुका लागि १०० (सय) दिनको रोजगारीको सुनिश्चितता गर्ने (EMIS) यस नगरपालिकाको वडा नं. ३/४ बहिरा बिद्यालय देखि वडा नं. ४ को वृन्दावन पार्क सम्मको पर्यटन पदमार्ग तथा वडा नं. २ को मन्जुश्री डाँडादेखि वडा नं. ३/६ को खोर्थली वन हुदै (भ्यू टावर ) वडा नं. १ को राङराङथली सम्म जोड्ने पर्यटन पदमार्ग निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६** :- यस जिल्लाबाट प्रतिनिधि सभा र बागमती प्रदेश सभामा प्रतिनिधत्व गर्नुहुने माननीय सांसदज्यूहारुबाट स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत रु १,५०,०००/-(एक करोड पचास लाख ) चरिकोट अस्पतालमा पिसिआर प्रयोगशाला स्थापना गरी कोभिड -१९ परिक्षण तथा संक्रमण नियन्त्रणलाई प्रभावकारी बनाउने निर्णय प्रति आभार प्रकट गर्ने ।

संक्रमण नियन्त्रणको कार्यलाई अघि बढाउन प्रयोगशाला स्थापना र सेवा संचालन छिटो प्रक्रियाद्वारा खरिद ब्यबस्थापन गर्न सम्बन्धित प्राबिधिक विज्ञबाट तयार गरिएको स्पेसिफिकेशन र लगत इस्टिमेट स्वीकृत गरी १५ दिनको सार्वजनिक सूचना (E-bid) गर्ने र आशयपत्र दिने अवधि तीनदिन कायम गर्ने । सार्वजनिक खरिद प्रक्रियामा प्रयोगशालाको सामाग्री आपूर्ति गर्ने कार्य, प्रयोगशाला जडान,सम्बद्ध जनशक्ति अभिमुखीकरण र कम्तिमा दश हजार नमूना परीक्षण गर्न पुग्नेगरी आवश्यक रशायन (रियजेंन्ट) समेतको आपूर्ति ब्यबस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ७(क)** :-नेपाल सरकारको आ.व. ०७७/७८ को सशर्त कार्यक्रम राष्ट्रिय तथा स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने बालीको संरक्षण गर्दै ब्यबसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम (किवी पकेट) ५०% कृषकको लागत सहभागितामा कार्यक्रम संचालनका लागि देहायका कृषक समूह/ कृषक सहकारी छनौट गर्ने निर्णय गरियो ।

**तपशिल**

| क्र.स. | कृषक सहकारी / समूह को नाम | ठेगाना | पकेट क्षेत्र | सम्पर्क व्यक्ति |
|---|---|---|---|---|
| १ | सेती चंद्रभुमे कृषि सहकारी सस्था लि. | वडा नं. ९ | वडा नं. ७,८,९ | कुलमान थामी |
| २ | टागनागी कृषक समूह | वडा नं. ६ | वडा नं. १,३,६ | ज्ञान बहादुर श्रेष्ठ |

**७. ख)** यस नगरपालिका वडा नं. ७ बस्ने लक्ष्मी मुग्रातिले बाँदरको आतंकमा परि घाईते भई शहिद शुक्रराज ट्रपिकल अस्पतालमा उपचार गराउनु पर्ने भएकोले सहयोग पाउ भनि वडा नं. ७ को सिफारिस सहित निबेदन पेश गरेकोले विपद ब्यबस्थापन समितिबाट अनुमोदन गराउने गरी रु १०,०००/-(दश हजार) विपद ब्यबस्थापन कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

**७. ग)** यस नगरपालिका वडा नं. ८ स्थित चित्रेस्वर महादेव कृषक समुहालाई थ्रेसर मेशिन उपलब्ध गराउन ५०% अनुदान बराबर हुने रकम रु २७,०००/-(सत्ताईस हजार ) जनतासंग मेयर कार्यक्रमबाट भुक्तानी दिने ।

**७.घ)** यस नगरपालिका वडा नं. ९ को शिव पोखरी तत्काल संरक्षण गर्न ग्याबिन वाल लगाउनुपर्ने भएकोले प्राबिधिक ल.ई.तथा प्रतिवेदन प्राप्त भएपछी रु २०,०००/-(बिस हजार) विपद ब्यबस्थापन कोषबाट उपलब्ध गराउने ।

**७.ङ)** यस नगरपालिका वडा नं.२ स्थित दिलढुङ्गा खेलाप सडक यस बर्षको बाढीका कारण बिभिन्न स्थानमा क्षतिभई मानिस लगायत सवारी साधन आवतजावत बन्द भएको भनि वडा नं.२ को सिफारिस सहित पेश भएकोले उक्त सडक मर्मत सम्भारका लागि प्राबिधिक ल.ई.तथा प्रतिवेदन प्राप्त भएपछि जनतासँग मेयर कार्यक्रमबाट रु ५,००,०००/-(पाँचलाख सम्म) उपलब्ध गराउने ।

**७.च)** भीमेश्वर पूजा सामाग्री उद्योगले यस नगरपालिका वडा नं.४ मा स्थानीय श्रोत साधनको प्रयोग गरी स्थानीय व्यक्तिलाई घरमै स्वरोजगार श्रृजना गर्ने प्रयोजनको लागि सिपमुलक तालिम संचालन गर्न रु.२,५२५००/-को प्रस्ताब पेश गरेकोमा प्रस्ताव पत्रमा उल्लेख गरिएको दुना टपरी गास्ने तालिम संचालन गर्न उद्दमशिलता विकास कार्यक्रमबाट रु१,००,०००/- (एकलाख) मात्र उपलब्ध गराउने र कार्यक्रमको उपलब्धि हेरी प्रभावकारी देखिएमा अन्य वडामा समेत गरिवी निवारणका लागि लघु उद्धम विकास कार्यक्रमसँग आवद्ध गराउदै लैजाने निर्णय गरियो ।